मनहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रजैयाँ, मकवानपुर

बागमती प्रदेश,नेपाल

प.सः२०७८/०७९ बैठक ब्यावस्थापन शाखा

च.नः २०२२

मितिः२०७९/०३/०९

**बिषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत बिषयमा मिति २०७९ आषाढ ०९ गते विहिवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ४ (चार) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०३/०९ गते बिहीबार बिहान ७:०० बजे यस मनहरी गाउँ कार्यपालिकाको तेस्रो बैठक गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिती सहित बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

<u>उपस्थिति</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राज कुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सबिता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुबेदी — अधिकृत सतौं — प्रशासन शाखा

श्री दिपक अधिकारी — एम.आई.एस.अपरेटर — पञ्जिकरण तथा सुचना प्रविधि शाखा

**मिति २०७९ असार ९ गतेको गाउँ कार्यपालिका बैठकमा छलफलको लागि पेश भएका विषयवस्तु**

१. गाउँ शिक्षा तथा वडा शिक्षा समिति गठन सम्बन्धमा।

२. मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि २०७९ सम्बन्धमा ।

३. प्रति विद्यार्थी लागतका आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका २०७९ सम्बन्धमा ।

४. सुनाचुरी जोगीतालको वस्ती राप्ती नदीले कटान गरेको र आगामी मनसुन तथा बाढीले यस आसपासका घरवस्ती तथा खेतहरु अत्यन्त जोखिममा परेको सम्बन्धमा ।

५. आमाघर सेवा सेवाश्रमबाट रकम माग भइ आएको सम्बन्धमा।

६. हावहुरीका कारण रुखले किचिएर वडा नं. ८ मा रहेको टासी फुन्छुक छोइलिङ गुम्बा भत्किएको सम्बन्धमा

७. योजनाको शिर्षक परिवर्तनको सम्बन्धमा ।

८. श्री राष्ट्रिय बिद्यालय चकरीको हावाहुरीले पुर्याएको क्षति सम्बन्धमा ।

९. हावाहुरीका कारण पुगेको क्षती स्वरुप उपलब्ध गराईएको रकम अनुमोदन गर्ने सम्बन्धमा ।

१० नारा परिवर्तनको सम्बन्धमा ।

११. गाउँ सभाको एघारौं अधिवेशनको पहिलो बैठकमा पेश हुने विषयबस्तुको सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँ शिक्षा ऐन २०७५ बमोजिम

श्री **सविता सुबेदी** लाई ऐनको दफा १५ च वमोजिम गाउँ कार्यापालिकाले तोकेका सभाका सदस्यहरु मध्येबाट गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री **कुमार सिं मुक्तान** लाई दफा १५ च गाउँ कार्यापालिकाले तोकेका सभाका सदस्यहरु मध्येबाट वमोजिमको गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री **मिन बहादुर लामा** लाई दफा १५ छ वमोजिम गाउँ कार्यापालिकाले तोकेको समाजसेवी तथा शिक्षा प्रेमी मध्येबाट गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री **माधव गौतम** लाई दफा १५ ज वमोजिम गाउँ कार्यापालिकाले तोकेको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री **धुव सुनार** लाई दफा १५ झ वमोजिम गाउँ कार्यापालिकाले तोकेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रध्यानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

श्री **मातृका ढुङ्गाना** लाई दफा १५ झ वमोजिम गाउँ कार्यापालिकाले तोकेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रध्यानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि २०७९ पारित गरि राजपत्रमा प्रकाशन गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रति विद्यार्थी एकाई लागतको आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्यन निर्देशिका २०७९, स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने तथा सोही निर्देशिकाको आधारमा शिक्षक संख्याको अनुपातमा विद्यार्थी संख्या बढी भएका विद्यालयहरुलाई रकम निकाशा गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउँपालिका स्थित सुनाचुरी जोगीतालको वस्ती राप्ती नदीले कटान गरेको र आगामी मनसुन तथा बाढीले यस आसपासका घरवस्ती तथा खेतहरु अत्यन्त जोखिममा परेको हुँदा सो वस्ती संरक्षण सम्बद्ध कार्य गर्न रु. ७ लाख विनियोजन गरी कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आमाघर सेवा सेवाश्रमले मिति २०७९।०८।०१ मा सेवा आश्रममा आउनुहुने आमाहरुको लागि रु. १४७०००। रकमको च्यापकटर खरिद गरी सो रकम लागि भुक्तानी माग गरेको हुँदा माथि उल्लेखित रकम गाउँपालिकाको उपयुक्त स्थानमा शौचालय निर्माण शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा हावहुरीका कारण रुखले किचिएर वडा नं. ८ मा रहेको टासी फुन्छुक छोइलिङ गुम्बा भत्किएको हुँदा सो को मर्मत सम्भारको लागि रु. ६ लाख गाउँपालिकाको उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ विवध उपर छलफल गर्दा दशौं गाउँसभाबाट भएको निर्णय अनुसार यस गाउँ पालिका क्षेत्रभित्र संचालनमा क्रममा रहेको स्वीकृत योजनाहरुको नाम नमिलेमा सो नाम संसोधन गर्न सकिने भएकोले देहायका योजनाहरुको नाम संबन्धित वडा कार्यालयको सिफारिस अनुसार संसोधन गरि संसोधित नाम अनुसार योजना संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | योजनाको नाम | रकम | संसोधित योजनाको नाम ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | कल्वरी चर्चभुन्द्रुङ्ग जाने बाटो स्ल्यव | १,५०,०००/- | ह्यूमपाईप खरिद (वडा नं. ३) | १,५०,०००/- |
| २ | हाँडिखोला खानेपानी | ३५,०००/- | मोटर खरिद (वडा नं ३) | ३५,०००/- |
| ३ | मरणघाट जानेबाटो स्तरिकरण | २,५०,०००/- | श्री राष्ट्रिय आधारभुत बिद्यालयको कम्पाउण्ड वाल निर्माण (वडा नं ७) | २,५०,०००/- |
| ४ | सुवेदीको घर देखी वर्साटाडीं खोल्चा सम्म तटबन्धन | ४,००,०००/- | दिपावली टोल स्ल्याव ढलान (वडा नं. ४) | ४,००,०००/- |
| ५ | चुरीयामाई थानमूल खोला खानेपानी | १,५०,०००/- | तारुबास खानेपानी (वडा नं. ४) | १,५०,०००/- |

रन्जन कालाखेती
अध्यक्ष

८. प्रस्ताव नं. ८ माथी छलफल गर्दा श्री राष्ट्रिय बिद्यालय चकरीको मिति २०७९ जेष्ठ [illegible] गते आएको हावाहुरी का कारण बिद्यालयको छानो उडाएको र सो छानो मर्मत सम्भार गर्न गाउँपालिकाको उपयुक्त स्थानमा सार्वजनिक शौचालय निर्माण शिर्षकबाट विनियोजन रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा हावाहुरी तथा आगलागी पिडितका लागि जस्तापाता/राहत वितरण कार्यविधि, २०७६ को दफा ९ मा रहेको व्यवस्था बमोजिम अनुगमन तथा समन्वय समितिको मिति२०७९/०३/०१ मा बसेको बैठकको निर्णय बमोजिम उपलब्ध गराईएको राहत रकम अनुमोदन गर्ने निर्णय गरीयो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मनहरी गाउँपालिकाको मुल नारा "**शिक्षा, स्वास्थ्य, कृषि र पुर्वाधार समृद्ध मनहरीको आधार**" तय गर्ने निर्णय गरीयो ।

११. मनहरी गाउँपालिकाको गाउँसभाको एघारौ अधिवेशनको पहिलो बैठक नेपालको संविधान र प्रचलित कानून बमोजिम मिति २०७९।०३।१० मा मनहरी गाउँपालिका वडा नं. लामिटार सभाहलमा आयोजना गर्ने र सो बैठकमा देहायका प्रस्तावमाथि निर्णयार्थ पेश गर्ने निर्णय गरियो साथै बजेट कार्यक्रम तर्जुमा समितिले पारित गरी पेश गरेको आ.व. ०७९/८० को नीति तथा कार्यक्रमलाई पारित गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

क. मनहरी गाउँपालिकाको आ.व. २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम

ख. मनहरी गाउँपालिकाको आर्थिक विधेयक २०७९

ग. विधायन समिति गठन

घ. विकास तथा सुशासन समिति गठन

ङ. लेखा समिति गठन

च. न्यायिक समिति सदस्यहरु चयन

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

तेस्रो गाउँ कार्यपालिका बैठक